आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १२ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. केन्द्र सरकारले प्रतेक वर्ष २५ जूनमा संविधान हत्या दिवस मनाउने निर्णय गरेको छ । श्री मोदीले यस दिन ती हरेक व्यक्तिहरुलाई श्रद्धांजलि अर्पण गर्ने दिन हो जसले आपातकालको परिस्थिति सहन गरेका थिए भनि बताउनु भन्नुभएको छ |

२. पाहाड, तराई अनि डूवार्समा भोलि आदि कवि भानु भक्त आचार्यको २१०औँ जन्म जयन्ति भव्य रुपमा पालन गरिने भएको छ|

३. पश्चिम बंगालका सरकारी प्राथमिक शिक्षक भर्ती मामिलामा सीबीआईले एस.बसु एण्ड कम्पनीको कार्यालयबाट जफत गरिएको सर्भर तथा इलेक्ट्रनिक उपकरणहरूलाई फोरेन्सिक जाँचको लागि पठाउने तयारी गरिहेको छ।

४. कोलकाताको दमदम क्षेत्रमा नागेर बजार नजिक यशोर रोडस्थित एक आइसक्रीम फ्याक्ट्रीमा आज भयानक आगलागी भएको छ।

५. राजधानी कोलकाता लगायत राज्यका अन्य भागमा आगामी २४ घण्टा भित्र मेघ गर्जन सहित वर्षा हुने सम्भावना रहेको छ|

**आपातकाल**

केन्द्र सरकारले प्रतेक वर्ष 25 जूनमा संविधान हत्या दिवस मनाउने निर्णय गरेको छ । यस दिन तत्कालीन प्रधानमंत्री इंदिरा गांधीले वर्ष 1975मा देशमा आपातकाल लगाउनुभएको थियो। केन्द्रीय गृहमंत्री अमित शाहले आज एक सोशल मीडिया पोस्टमा भन्नुभएको छ यस निर्णयको उद्देश्य आपातकालबाट प्रभावित करोडों मानिसहरुको भावनाको सम्मान गर्नु होएजसले लोकतन्त्रको पुनर्स्थापनाका लागी संघर्ष गरेका थिए। उहाँले अझ भन्नुभयो संविधान हत्या दिवस मनाउनाले व्यक्तिगत स्वतंत्रताको मसाल जलाई राख्न मदद हुनेछ अनि देशको लोकतंत्रको रक्षा पनि हुन्छ ।

****** ० ******

**मोदी.आपातकाल**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ संविधान हत्या दिवसले त्यस घटनाहरुको सम्झना गराउछए जब भारतको संविधानको (रौंदा) हत्या गरिएको थोयो । एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ यस दिन ती हरेक व्यक्तिहरुलाई श्रद्धांजलि अर्पण गर्ने दिन पनि हो जसले आपातकालको परिस्थिति सहन गरेका थिए अनि कांग्रेसले भारतीय इतिहासमा एक कालो अध्याय लेखेको थियो।

****** ० ******

**पाद्री गंगाप्रसाद प्रधान**

आदि पत्रकार एवम् गोर्खे खबर कागज समाचार पको सम्पादक एवम् प्रकाशन पाद्री गंगा प्रसाद प्रधानमो स्मृतिमा गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनको तृबाट प्रदान गरिने उक्त पुरस्कार यसपाली वरिष्ठ पत्रकार संजय प्रधानलाई भानु जयन्तीको दिन दार्जीलिङमा प्रदान गरिने भएको छ। श्री प्रधानले १६६१ देखि पत्रकारिता शुरू गरेका थिए र आफ्नोपिता स्व. अम्बरबहादुर प्रधानको साप्तहिक समाख्वार पत्र ‘हाम्रो खगर’ बारे पत्रकारको रूपमा कार्य थालेका थिए। उहाँले सगरमाथि

हाम्रो पहाड़ , स्वर्णभूमि , हिमालय दर्पण जस्ता समाचार पत्रहरूमा कार्य गरिसकेका छन्। नेपालको समाचार पत्र हरू कान्तिपुर दैनिक र काठमाण्डौ पोष्टमा पनि दार्जीलिङ सिक्किमको प्रतिनिधिको रूपमा कार्य गरिसकेका छन्। उहाँले कलाकार , नव प्रतिभा र अन्य सिर्जनशील वत्विहरूलाई प्रेरणा दिन भीड़भित्रको अनुहार पनि शुरू गरेका थिए। हालेमा वरिष्ठ पत्रकार प्रधान स्त्वन्त्र सपत्रकारको रूपमा विभिन्न अनलाईन न्यूज चैनल र पोंटलहरूमाआवद्ध भएर कार्य गरिरहेछ । उहाँलाई वर्ष २०२२ मा कालेबुङ प्रेस क्लबबाट एक्सीलेन्सी ईन जर्नलिज्म पुरस्कार पनि प्रदान गरिएको थियो।

****** ० ******

भानु जयन्ती

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन , सूचना एवम् सांस्कृतिक विभाग अनि गोर्खा जन पुस्ताकलय खरसांगको संयुक्त तत्वावधानमा १३ जुलाई अर्थात भोली आदि कवि भानुभक्तको २१० औं जन्म जयन्ती मनाउने भएको छ। पूर्वाधको कार्यक्रम बिहान ६.३० बजे गोर्खा जाातिय विभूति उध्यान ,आचाय भानुपथ खरसांगमा हुनेछ र उत्तरर्धकोकार्यम पूर्वान्ह ११.३० बजे टाउन कम्युनिटी हल नयाँ बजार, खरसांगमा हुनेछ। यस्तै प्रकारले सूचना एवम् सांस्कृतिक विभाग, पश्चिम बंगाल सरकार खरसांग एवम् साहित्य कला संस्थान तीनधारेको संयुक्त तत्वावधानमा दिउँसो १.३० बजे महात्मा गान्धी हल तीनधारेमा भानु जयन्ती कार्यक्रम सम्पन्न हुने भएको छ।

****** ० ******

**सांसदराजुविष्ट**

दार्जिलिङका सांसद राजु विष्टले बिहीबार साँझ गोरुबथान खण्ड प्राथमिक स्वास्थ्य केन्द्रको छड्के भ्रमण गर्नुभएको छ। उहाँले यस भ्रमण अवधि अस्पतालको अवस्थाबारे बुझ्दै ड्युटीमा रहेका डाक्टरए नर्सहरूसित कुराकानी गर्नुभएको छ। सांसद श्री बिष्टले पहिलाको तुलनामा अस्पतालमा केही सुधार आएको भ्रमण अवधि देखिएको बताउँनु हुँदै अस्पतालको समग्र सफाइमा ध्यान दिनुपर्ने उहाले सुझाउ दिनुभएको छ। गोरुबथान खण्ड प्राथमिक स्वास्थ्य केन्द्रमा अझै डाक्टरए नर्सहरू हुनुपर्ने बताउँदै यहाँ आवश्यक उपकरणहरूको अभाव रहेको बताउनु भएको छ। देशका प्रत्येक नागरिकले उचित स्वास्थ्य सेवा पाउनुपर्ने संवैधानिक अधिकार रहेको बताउँदै यस विषयमा आफ्नो पक्षबाट पहल गर्न प्रत्येक खण्ड स्वास्थ्य केन्द्रको भ्रमण गर्ने जनाउनु भएको छ। आफुले भ्रमण अवधि पाएको समस्याए असुविधाबारे सीएमओएचलाई जानकारी गराएर रिपोर्ट मागेको बताउनु हुँदै उक्त रिपोर्ट आएपछि स्वास्थ्य विभागलाई पठाउने जानकारी दिनुभएको छ।

****** ० ******

**प्राथमिक शिक्षक भर्ती घोटाला**

पश्चिम बंगालका सरकारी प्राथमिक स्कूलहरूमा शिक्षकहरूको भर्तीको निम्ति आयोजना गरिएको परीक्षाको नष्ट गरिएको अप्टिकल मार्क रिकग्निशन (ओएमआर) शीटलाई पुनः प्राप्त गर्ने प्रयास शुरू गरिएको छ। सीबीआई अधिकारीहरूले अब एस.बसु एण्ड कम्पनीको कार्यालयबाट जफत गरिएको सर्भर तथा इलेक्ट्रनिक उपकरणहरूलाई फोरेन्सिक जाँचको लागि पठाउने तयारी गरिहेको छ। एस.बसु एण्ड कण्पनी त्यो आउटसोर्स एजेन्सी हो जसलाई भर्ती परीक्षाको लागि ओएमआर शीट प्रदान गर्ने तथा त्यसलाई संरक्षण गरेर राख्ने दायित्व दिइएको थियो। एस बसु एण्ड कम्पनीको कार्यालयमा सीबीआई अनि सफ्टवेयर विशेषज्ञहरूले तीन दिनसम्म संचालन गरेको खोजी अभियान पश्चात डेटा मेटाइएको केही प्रारम्भिक प्रमाण हात लाग्यो। मेटाइएको डेटालाई देखिपछि जाँच अधिकारीहरूले कम्पनीको सर्भर सहित अन्य केही उपकरणहरूलाई फोरेन्सिक जाँचको लागि पठाउने निर्णय लिएका छन्। सूत्रले बताए अनुसारए सीबीआईको लागि ओएमआर डेटाको रिकभरी महत्वपूर्ण छए किनभने यो शीट स्कूल नोकरी भर्ती मामिला भएका अनियमितताहरूको महत्वपूर्ण प्रमाण हो। पश्चिम बंगाल प्राथमिक शिक्षा बोर्ड (डबल्य्यूबीबीपीई)- ले पहिला नै कलकत्ता उच्च न्यायालयलाई सूचित गरिदिएको छए ओएमआर डेटालाई तृणमूल कंग्रेसका विधायक तथा पूर्व बोर्ड अध्यक्ष माणिक भट्टाचार्यको निर्देशमा नष्ट गरिएको थियो, त्यसैले सीबीआईकोलागि डेटा पुनर्प्राप्ति अत्यन्त महत्वपूर्ण भएको छ।

****** ० ******

**दमदम आगलागी**

कोलकाताको दमदम क्षेत्रमा नागेर बजार नजिक यशोर रोडस्थित एक आइसक्रीम फ्याक्ट्रीमा आज भयानक आगलागी भएको छ। आगलागी निभाउनको लागि घटनास्थलमा दमकलका २० वटा वाहनहरू लागिपरेका छन्। सम्पूर्ण क्षेत्र धुँवाले भरिएको छ। फ्याक्ट्री भित्र कोही पनि कर्मचारी फसेको छैन। सबैलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिसकिएको छ। स्थानीय सूत्र अनुसार यो फ्याक्ट्री सरोजिनी नायडु कलेजको छेवैमा अवस्थित छ। दमकल अधिकारीहरूको प्रारम्भिक अनुमान अनुसार आगलागी एसी यूनिटबाट शुरू भएर बिस्तारै फ्याक्ट्रीमा फैलियो। आगलागीको सूचना पाए लगत्तै दमकलको टीम बिहान लगभग ३रू४० बजे घटनास्थलमा पुगेर आगो निभाउनमा जुटेका थिए। स्थानीय मानिसहरूले पनि दमकलकर्मीहरूलाई सहयोग गरिरहेका छन्।

****** ० ******

**शहीद लेन्स नायक**

शहीद बनेका सीआरपीएफका जवान लेन्स नायक हर्कबीर राईलाई 56 बर्षपछि आफ्नो जन्मथलो ओकाइटी आठ माइलमा सम्मान गरिएको छ । ओकाइटी आठ माइल सार्वजनिक भवनमा सीआरपीएफद्वरा आयोजित शहीद सम्मान कार्यक्रममा सीआरपीएफ ग्रुप सेन्टर सिलगढीका एसिस्टेन्ट कमाण्डर सुनिल शर्माएएएसआई जीडी युवराज शेर्पा ए जवानहरू अनि स्थानीय मानिस साथै परिवारका सदस्यहरूले शहीद हर्कबीर राईलाई श्रद्धाञ्जली अर्पण गरे।लान्स नायक हरकवीर राई सीआरपीएफका 13 बटालियनमा कार्यरत थिए। उनको जन्म 1 जनवरी 1936 ओकेटीमा भएको थियो भने उनी 12 जुलाई 1967 मा शहीद बनेका थिए। 56 बर्षपछि सीआरपीले सम्झेर गाँउमै आएर श्रद्धाञ्जली अर्पण गर्दा शहिदका नाती अमित राई एशहीदको भतिज राजू राईए शहीदको भाई प्रलाह्द राईए अवकाशप्राप्त सैनिक चन्द्रमणि राईले हर्ष प्रकट गर्दै गोर्खाहरूको बलिदानको एउटा ईतिहास भेटिएको भान भएको बताए।उनीहरूले 56 बर्षपछि यसरी गाँउमा आएर सम्मान जनाँउदा शहीदको परिवारले सरकारी सहयोग र सहुलियत पाउने पनि आशा जागेको बताँउदै त्यसताक शहीद बनेको सूचना मात्रै आयो तर शव नआएको बताएका छन्द्य

****** ० ******

**जलपाईगुड़ी लागुपदार्थ**

जलपाईगुड़ी कोतवाली थानाको पुलिसले एउटा ट्रकबाट १८६ किलो लागुपदार्थ बरामत गरेको छ। यद्यपि यस मामिलामा कसैलाई पक्राउ गरिएको छैन। पुलिसले सिलगढ़ी-जलपाईगुड़ी राष्ट्रिय राजमार्गको तलमा क्षेत्रमा हिज राती लागु पदार्थ जफत गरेको हो।पुलिस सूत्र अनुसार तलमा क्षेत्रमा अवस्थित एक होटल छेवमा विगत दुई दिनदेखि यो ट्रक राखिएको थियो। सूचना पाएर ट्रकको जाँच गर्दा ट्रक बाट ३६ प्याकेट लागुपदार्थ भेटिएको थियो । कोतवाली थाना पुलिस ट्रक चालकको खोजिमा जुटेको छ।

****** ० ******

**मुर्शिदाबाद दुर्घटना**

मुर्शिदाबाद जिल्लाको रघुनाथगंज थानान्तर्गत बंगबाटी मोड़ छेव राष्ट्रीय राजमार्ग- ३४ मा आज बिहान एक कन्टेनर र टोटो आपस्तमा ठोक्किएर दुर्घटनाग्रस्त हुँदा एक दम्पतिको मृत्यु भयो भने एकजना मानि घाइते भए। घटना शुक्रवार बिहान लगभग ६ बजे घटेको हो। पुलिस सुत्र अनुसार उनीहरू सुती थाना अन्तर्गत बंशाबाटी ग्राम पंचायतस्थित अलुआनी निवासी हुन्। दुर्घटनामा टोटो चालक गम्भीर रूपमा घाइते भएका छन् जसलाई हाल जंगीपुर महकुमा अस्पतालमा भर्ती गरिएको छ।

****** ० ******

**बाँध निर्माण**

बालासन नदीको जलस्तर वृद्धि भएपछि नाम्सुवासी समस्यामा परेका थिए। नदीको पानी बस्तीमा पस्ने प्रवल सम्भवना भएपछि समष्टिका सभासद मिलेश राईए खण्ड विकास अधिकारी श्रेयश्री मईती अनि डुप्टिन ग्राम पञ्चायतका उपप्रधान मानव सुब्बाले स्थलगत निरीक्षण गरेका थिए।यसक्रममा सभासदए खण्ड विकास अधिकारी एवं पञ्चायत उप प्रधानको पहलमा नाम्सु बस्तीमा बालसन नदीको पानी पस्न नदिनका लागि बाँध निर्माण कार्यको थालनी गरिएको छ।

****** ο ******